# खुम्बु पासाङल्हामु गाउँपालिका

**Khumbu Pasanglhamu Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal


मितिः २०८१/०४/१४

(सूचना नं. ०४-२०८१/८२)

## सम्पत्ति विवरण पेश गर्नेबारे सम्पत्ति धनीहरूलाई अत्यन्त जरुरी सूचना।।।

यस खुम्बु पासाङल्हामु गाउँपालिकाले कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८१ तथा आर्थिक ऐन, २०८१ बमोजिम आ.व. २०८१।८२ देखि सम्पत्ति कर लागु गर्ने भएकाले गाउँपालिका क्षेत्रभित्र रहेका घरधनीहरूलाई आफ्नो घर र सो घर बनेको जग्गाको विवरण दाखिला गरी गाउँपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।
सम्पत्तिको विवरण दाखिला गर्ने फाराम सम्बन्धित वडा कार्यालयबाट मिति २०८१।०४।१५ देखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नु भई सो फाराममा सत्यतथ्य विवरण भरी मिति २०८१।०५।१७ भित्र सम्बन्धित वडा कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ। यस्तो विवरण जग्गाधनी आफैं वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन्। गाउँपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति (घर र सो घरले चर्चेको जग्गा) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. २०८०।८१ सम्मको मालपोत चुक्ता गर्नु पर्नेछ।

२०८१/४/१४

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत


Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np
Phone: +97738590046